# शिवराज राजपत्र

## शिवराज नगरपालिकाद्वारा प्रकाशित

खण्डः ५ संख्याः २ मितिः २०७८।०१।०५

## भाग-२

**शिवराज नगरकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।**

## एकल महिला सुरक्षा कोष (सञ्चालन) कार्यविधि, २०७८

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी शिवराज नगरकार्यपालिकाले एकल महिला सुरक्षा कोष (सञ्चालन) कार्यविधि, २०७८ जारी गरेको छ ।

**प्रस्तवना**

शिवराज नगरपालिका भित्रका सामाजिक तथा आर्थिक दृष्टिले कमजोर तथा विपन्न वर्गका एकल महिलाको हित संरक्षण, उद्धार, राहत र पारिवारिक पुर्नस्थापना गर्न तथा एकल महिलाको हकहितको संरक्षण र सम्बर्द्धन गर्नका लागि स्थानीय स्तरमा आर्थिक स्रोत सङ्कलन गरी परिचालन गर्न **एकल महिला सुरक्षा कोष (सञ्चालन) पहिलो संशोधन नियमावली, २०७६ दफा ३ख र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२** ले दिएको अधिकार प्रयोग गरी नगरपालिकाले यो **एकल महिला सुरक्षा कोष (सञ्चालन) कार्यविधि, २०७७** तयार गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ**

क) यो कार्यविधिको नाम **एकल महिला सुरक्षा कोष (सञ्चालन) कार्यविधि, २०७७** रहेको छ ।

ख) यो कार्यविधि नगर कार्यपालिकाको बैठकले स्वीकृत गरेको मिति देखि तुरुन्त लागू हुने छ ।

२. **विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा**

क) कोष भन्नाले यस कार्यविधि ४ नं. बुँदामा उल्लेख गरे बमोजिम स्थापना गरिएको **एकल महिला सुरक्षा कोष**लाई सम्झनु पर्दछ ।

ख) “नगरपालिका” भन्नाले शिवराज नगरपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

ग) “वडा कार्यालय” भन्नाले शिवराज नगरपालिकाको वडा कार्यालयहरुलाई सम्झनु पर्दछ ।

घ) “सामाजिक तथा आर्थिक दृष्टिले विपन्न वर्गका एकल महिला भन्नाले कार्यविधिको ११ नं. बुँदामा उल्लेखित एकल महिलालाई सम्झनु पर्दछ ।

ङ) “सञ्चालक” समिति भन्नाले कार्यविधिको ५ नं. बुँदामा उल्लेख गरे बमोजीम गठन भएको समितिलाई सम्झनु पर्दछ ।

३. **कोषको उद्देश्य**

क) अति विपन्न र जोखिम अवस्थामा रहेका एकल महिलाको उद्धार गर्ने,

ख) जोखिम अवस्थामा रहेका एकल महिलालाई राहत उपलब्ध गराउने,

ग) सामाजिक आर्थिक दृष्टिले कमजोर एकल महिलाहरुलाई आवश्यक औषधि उपचार र कानुनी सहायता उपलब्ध गराउने ।

## ४. कोषको स्थापना

क) शिवराज नगरपालिकाको कार्यपालिका बैठकबाट स्वीकृत भई सामाजिक आर्थिक दृष्टिले कमजोर र आपतकालिन अवस्थामा रहेका नगर भित्रका विपन्न एकल महिलाको हित संरक्षण तथा प्रवर्द्धन गर्न एकल महिला सुरक्षा कोषको स्थापना गरिनेछ ।

ख) एकल महिला सुरक्षा कोषमा देहाय बमोजिमको रकम जम्मा हुनेछ ।

१. संघिय तथा प्रदेश सरकारबाट प्राप्त हुने रकम,

२. शिवराज नगरपालिकाबाट यस कोषमा छुट्याई जम्मा गर्न पठाएको रकम,

३. विभिन्न संघ संस्था वा व्यक्तिबाट सहयोग स्वरुप प्राप्त हुने रकम आदि ।

## ५. सञ्चालक समितिको गठन

कोषको व्यवस्थापन सञ्चालन एवं स्रोतको खोजी गर्न देहाय बमोजिम को नगर सञ्चालक समिति रहने छ ।

**क) कोष सञ्चालक समिति :-**

१. नगर उप प्रमुख - अध्यक्ष

२. प्रमुख प्रशासकीय अधिकृत - सदस्य

३. सामाजिक विकास समितिको संयोजक - सदस्य

४. स्वास्थ्य शाखा प्रमुख - सदस्य

५. नगर महिला प्रहरी - सदस्य

६. एकल महिलाको क्षेत्रमा कार्यरत विभिन्न गैर सरकारी संस्थाहरु मध्येबाट सञ्चालक समितिको अध्यक्षले तोकेको १ जना प्रतिनिधि - सदस्य

७. महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा प्रमुख - सदस्य सचिव

## ६. सञ्चालक समितिको काम, कर्तव्य र अधिकार

क) एकल महिलाबाट सहयोग माग भै आएका निवेदन उपर छानविन गर्ने,

ख) कुनै एकल महिला विपन्न तथा जोखिम अवस्थामा भए वा नभएको निर्धारण गर्ने,

ग) सहयोगको आवश्यकता र उपलब्ध स्रोतको आधारमा नगद वा अन्य सहयोग गर्ने र सो को विवरण अद्यावधिक गर्ने,

घ) प्रत्येक वर्षमा कार्य प्रगति विवरण नगरपालिकामा पेश गर्ने,

ङ) वडा कार्यलयको समन्वयमा विपन्न तथा आपतकालिन अवस्थाका एकल महिलाको तथ्याङ्क सङ्कलन गर्ने/गराउने,

च) एकल महिला सुरक्षा कोषको रकम दुरुपयोग हुन नदिन आवश्यक कदम चालने,

छ) एकल महिला सुरक्षा कोष बृद्धिको लागि आवश्यक नीति र रचनात्मक क्रियाकलाप सञ्चालन गर्ने,

ज) कोषको आय-व्ययको विवरण अद्यावधिक गरी नगरपालिकामा पेश गर्ने,

झ) कोषको बृद्धिमा सहयोग गर्ने संघ-संस्था वा व्यक्तिको विवरण अद्यावधिक गर्ने,

ञ) एकल महिलाको क्षेत्रमा काम गर्ने निकाय तथा संस्थासँग आवश्यक समन्वय गर्ने ।

**७. रकम उपलब्ध गराउन सक्ने**

(१) विपन्न एकल महिला जुन आपतकालिन अवस्थामा रहेका र तत्काल उद्धार गर्न, कानूनी उपचार, मनोसामाजिक परामर्श, औषधि उपचार पुर्नस्थापना, राहत तथा आर्थिक सहयोग गर्नु पर्ने देखिएमा रु. ५०००।- सम्म पछि अनुमोदन हुने गरी अध्यक्षबाट रु. १५,०००।- सम्म समितिको निर्णबाट र रु. १५,०००। देखि माथि कार्यपालिकाबाट निर्णय बमोजिम रकम पीडित महिलालाई उपलव्ध गराउन सकिनेछ ।

(२) उपदफा १ बमोजिम एकल महिला पीडितलाई उपलब्ध गराएको रकम सञ्चालक समितिको बैठकबाट सो विषयको अनुमोदन गराउनु पर्नेछ ।

**८ सञ्चालक समितिले गर्न नहुने कामहरु**

क) कोषको रकम हिना मिना गर्ने वा कोषको उद्देश्य विपरित समितिको कुनै सदस्य वा अन्य कुनै व्यक्तिलाई लगानी गर्न,

ख) आपतकालिन अवस्थाका एकल महिलाहरुको तत्काल उद्धार तथा संरक्षण गर्ने कार्य बाहेक अन्य कार्यमा कोषको रकम खर्च गर्न,

ग) कोषको रकम प्रशासनिक कार्यमा खर्च गर्न ।

**९. सञ्चालक समितिको बैठक**

सञ्चालक समितिको बैठक देहाय बमेजिम बस्ने छ ।

क) सञ्चालक समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा आवश्यकता अनुसार,

ख) बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्ने छ,

ग) सञ्चालक समितिले सहमतिका आधारमा निर्णय गर्ने छ,

घ) सञ्चालक समितिको निर्णय सदस्य सचिवले अध्यावधिक गर्ने छ,

ङ) सञ्चालक समितिको सम्पर्क स्थान शिवराज नगरपालिकाको महिला तथा बालबालिका शाखामा रहने छ ।

**१०. सामाजिक तथा आर्थिक दृष्टिले कमजोर विपन्न एकल महिला अन्तर्गत देहायका महिलाहरु पर्दछन्**

क) अति जोखिम अवस्थमा रहेका एकल महिला,

ख) सामाजिक तथा आर्थिक अवस्था कमजोर रहेको विपन्न एकल महिला,

ग) कोही संरक्षक नभएको अति विपन्न्न एकल महिला ,

घ) सञ्चालक समितिको निर्णयबाट छनोट भएको आपतकालिन अवस्थामा रहेको एकल महिला ।

**११. निवेदन दिन सक्ने**

यस कार्यविधिको ११ नं बुँदामा उल्लेख गरिएका एकल महिलाको उद्धार तथा राहतको लागि आफ्नो परिच खुल्ने गरी शिवराज नगरपालिका वा सम्बन्धित वडाहरुमा बसोबास गर्ने जोसुकै सरोकारवाला व्यक्तिले शिवराज नगरपालिका नगर कार्यपालिका अन्तर्गत महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा र वडा कार्यपालिकाको कार्यलयमा विस्तृत विवरण खुल्नेगरी निवेदन दिन सक्नेछ ।

**१२. खाताको सञ्चालन तथा लेखा परिक्षण**

(१) एकल महिला सुरक्षा कोषको रकम समितिको निणर्यले कुनै बाणिज्य बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(२) दफा १३ को उपदफा १ बमोजिमको खाताको सञ्चालन नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत र लेखा शाखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ तथा कोषको लेखा परिक्षण महालेखा परिक्षकको विभागबाट हुनेछ ।

**१३. कोषको रकम फ्रिज नहुने**

प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि कोषको रकम खर्च नभए आर्थिक वर्षको अन्त्यमा बाँकी रहेमा त्यस्तो रकम फ्रिज हुने छैन ।

**१४. कार्यविधिको व्याख्या तथा संशोधन**

यस कार्य विधिमा भएका व्यवस्थाहरुमा कुनै विवाद आएमा कानुन बमोजिम अन्तिम निणर्य गरिनेछ । साथै संशोधन आवश्यक भएमा सञ्चालक समितिको राय लिई नगर कार्यपालिकाले कार्यविधि संशोधन गर्न सक्नेछ ।

**१५. कोष खारेज हुन सक्ने अवस्था**

कनै कारण बस एकल महिला सुरक्षा कोष सञ्चालन गर्न आवश्यक नभएमा प्रयाप्त कारणहरु सहित नगर कार्यपालिकाले सञ्चालक समितिको राय लिई कार्यपालिकाको निणर्यले खारेज गर्न सकिनेछ । र कोष खारेज भएमा कोषमा रहेको रकम नगरपालिकाको संचित कोष खातामा जम्मा हुनेछ ।

**आज्ञाले,**
**गणेश प्रसाद अर्याल**
**प्रमुख प्रशासकीय अधिकृत**